# आर्थिक बर्ष २०७९/८० को नीति तथा कार्यक्रम

## पाँचखपन नगरपालिका

## संखुवासभा

२०७९ साल आषाढ १० गते शुक्रवार

# पाँचखपन नगरपालिका, संखुवासभा
# आर्थिक बर्ष २०७९/८० को नीति तथा कार्यक्रम

**पाँचखपन नगरपालिकाका, संखुवासभाका उपप्रमुख लगायत सम्पूर्ण नगर सभा सदस्य एवं कर्मचारीहरु**

**सर्वप्रथम पाँचखपन नगरपालिकाको नगर सभाको नवौं अधिवेशनमा हार्दिक स्वागत गर्दछु ।**

१. नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ । यस अवसरमा म, नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्थानीय स्वशासनको लागि नेपाली जनताले गर्दै आएको ऐतिहासिक जनआन्दोलनमा जीवन वलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भापूर्ण श्रद्धान्जली अर्पण गर्दछु । मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको कठिन परिस्थितिमा त्याग र नेतृत्व गर्नुहुने आदरणीय अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

२. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस कोभिड–१९ को संक्रमण जस्तो जोखिमपूर्ण परिस्थिति हामीले पार गरीसकेका छौं । महामारी रोकथाम, नियाञ्त्रण र उपचारको कार्यमा योगदान पु¥याउनु हुने संघ, प्रदेश सरकार, स्थानीय राजनैतिक दल, संघ-संस्था, निजी तथा व्यवसायिक क्षेत्र, संचार जगत र प्रकोप व्यवस्थापन कोषमा नगद तथा जिन्सी सामग्री उपलव्ध गराई सहयोग गर्नुहुने सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**सभासदस्य ज्यूहरु,**

३. स्थानीय तह निर्वाचन, २०७९ बाट निर्वाचित भएर आए पश्चात यो हाम्रो पहिलो नगर अधिवेशन हो । हामी निर्वाचनको समयमा गरेको प्रतिवद्धता पुरा गर्ने कठिन परीक्षाको मोडमा छौं । आपसी सद्भाव, समन्वय र सहकार्यवाट मात्र हामीले सोचेको र जनताले अपेक्षा गरेको विकास पुरा हुन सक्दछ । सर्वोपरी विकासले मात्र पाँचखपन नगरपालिकाको मुहार फेरिनेमा दुईमत नहोला, तसर्थ त्यस तर्फ हाम्रा पाइलाहरु अघि बढ्नु पर्नेमा जोड दिन चाहन्छु ।

४. सिमित श्रोत साधनको अधिकतम परिचालन गरी नगरवासीको मागलाई सम्वोधन गर्दै जानुपर्ने विद्यमान अवस्था छ ।वर्तमान सरकारको परिकल्पना "समृद्ध नेपाल सुखी नेपाली" को राष्ट्रिय आकांक्षा पूरा गर्न हामी दृढ अठोटका साथ अघि बढिरहने छौं । हाम्रा नीति तथा कार्यक्रम सोही तर्फ परिलक्षित रहेको छ ।

**सभासदस्य ज्यूहरु,**

५. आगामी आ.व. ०७९/८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नु अघि अघिल्लो स्थानीय सरकारको पालामा भएका मुख्य उपलब्धीहरु उल्लेख गर्न चाहन्छु ।

६. पाँचखपन नगरपालिकाकै गौरवको आयोजना वाना बिहीबारेवारे खानेपानी योजनाको निर्माण कार्य उल्लेखिय रुपमा भएको छ ।

७. स्थानीय सरकार, संघ तथा प्रदेशका माननीयज्यूहरुको पहलमा वाना बिहीबारेवारे प्रहरी चौकीलाई स्तरोन्नती गरी इलाका प्रहरी कार्यालय बनेको छ । त्यसैगरी स्यावुन टाइगरचौकमा अस्थायी प्रहरी चौकी स्थापना भएको छ, वडा नं. ३ को गैरीगाउँमा अस्थाइ प्रहरी चौकी स्थापना भएको छ वडा नं ८ र ९ को बिचमा

पर्ने भर्तीवाल डाँडा र वडा नं. ४ र ५ को संगम स्थल लिङलिङमा पनि अस्थायी प्रहरी चौकी स्थापना गर्नुपर्ने देखिन्छ ।

८. वाना प्राथमिक स्वास्थ्य केन्द्रलाई १० बेडको अस्पतालमा स्तरोन्नती गर्न आवश्यक भवन निर्माणाधीन अवस्थामा रहेको छ ।

९. नगरको अर्को गौरवको योजना विहिवारे वाना लिङलिङ वडेरनी सडक संघीय सरकारसँग साझेदारी गरी स्तरोन्तीको कार्य भइरहेको छ भने प्रदेश सरकारसँग साझेदारीमा भुजेलडाडाँ विहिवारे वाना पक्की नाली निर्माण तथा ढलान योजना सम्पन्न भएको छ ।

१०. पाँचखपन नगरपालिका अन्तर्गत सबै वडाहरुको वडा कार्यालय भवन निर्माण सम्पन्न भएको छ ।

११. पालिकाको कार्य सम्पादनलाई व्यवस्थित गर्न अत्यावश्यक कानुनहरु निर्माण गरिएको छ ।

१२. पाँचखपन नगरपालिकाको केन्द्र वडा नं. ६ स्थित वाना बजार आसपास क्षेत्रमा ५ किलोमिटर सडक कालोपत्रे तथा ढलान भएको छ ।

१३. पाँचखपन नगरपालिकाको प्रशासकीय भवनको निर्माणको लागि ठेक्का सम्झौताको क्रममा छ ।

**सभासदस्य ज्यूहरु,**

अब म आगामी आर्थिक वर्ष ०७९/८० को नीति तथा कार्यक्रम यस सम्मानित नगर सभामा प्रस्तुत गर्दछु ।

**अ) आर्थिक विकास नीतिः**

**क) कृषि नीतिः**

१४. "आर्थिक समृद्धिको पहिलो आधार कृषि" भन्ने मूल नाराका साथ कृषि उत्पादनमा व्यवसायीकरण, विविधिकरण, आधुनिकीकरण, यान्त्रिकरण तथा बजारीकरणलाई विशेष जोड दिदै सामुहिक खेती प्रणाली, सामुहिक पशुपालन र विकास गरी कृषि र पशु क्षेत्रलाई आत्मनिर्भर र मर्यादित बनाउने नीति अवलम्वन गरिनेछ । कृषकलाई उन्नत जातका बीउबिजन अनुदानमा वितरण कार्यक्रम संचालनलाई निरन्तरता दिइने छ ।

१५. "कृषि, शिक्षा, पर्यटन, स्वास्थ्य, पुर्बाधार र सञ्चार, पाँचखपन नगरपालिकाको समृद्धिको मूल आधार" भन्ने मूल नाराका साथ लक्ष्य हासिल गर्न राजनैतिक रुपमा सहकार्य, आर्थिक रुपमा दीगो फराकिलो, सामाजिक रुपमा समावेशीकरण, तथा सांस्कृतिक रुपमा ऐक्यवद्धता, वातावरणीय दृष्टिले स्वच्छ, हराभरा शहरी सुविधा सम्पन्न व्यवस्थित नगर निर्माण गर्न एकतावद्ध भई आम नगरवासीमा समन्वय, सहकार्य र सहअस्तित्वका भावनाको विकास गरिने छ ।

१६. नगरपालिकालाई कृषिमा आत्मनिर्भर बनाउन, कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न माटो शिविर संचालन गरी माटो अनुकूल उपयुक्त क्षेत्रमा उपयुक्त बाली लागाउन कृषकलाई सहजीकरण गरिने छ ।

१७. कृषकहरुलाई कृषि पेशामा आकार्शित गर्न तथा कृषि पेशामै सुरक्षित भविष्य छ भन्ने प्रत्याभुति दिलाउने उद्देश्यका साथ कृषि तथा पशुपन्छी बीमा कार्यक्रम सञ्चालन गरिनेछ ।

१८. यस नगरपालिकालाई फलफूल, तरकारी र वाली उत्पादनको समेत पकेट क्षेत्र घोषणा गरी उत्पादन उत्पादकत्व बढाउने कार्यक्रम ल्याइने छ ।

१९. कृषि उत्पादित उपजहरुलाई व्यवस्थित गर्न, शीत भण्डारको व्यवस्था गरिने छ ।

२०. कृषि बीउविजन, बिरुवा, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमनलाई व्यवस्थित र प्रभावकारी बनाइ साझेदारीमा उपलब्ध गराइनेछ ।

२१. कृषि पेशालाई सम्मानित, मर्यादित र कृषकलाई आत्मनिर्भर बनाई कृषिमा आश्रित जनताको जीवनस्तर सुधार गर्नको लागि प्रत्येक वडामा १ कृषि तथा १ भेटेरीनरी प्राविधिक खटाइनेछ ।

२२. सामुहिक तथा सहकारी खेती तथा पशुपालनलाई प्रोत्साहित गर्न विशेष जोड दिइने छ ।

२३. पालिका भित्र “एक घर एक फलफुल” तथा “एक घर एक करेसावारी, बार्है महिना हरियो र पोषीलो तरकारी” अभियान संचालन गर्न कृषकहरुलाई अभिप्रेरित गरिनेछ ।

२४. बाँझो जग्गाको सदुपयोग गरी सामुहिक खेती प्रणालीको शुरुवात गरी कृषिमा आधारित जीविकोपार्जन कार्यलाई जोड दिइने छ ।

२५. जलवायु मैत्रि प्रविधि (थोपा सिचाई, प्लाष्टिक घर, प्लाष्टिक पोखरी, आकाशे पानीको संकलन, जुठेल्नोको पानी व्यवस्थापन) गर्न कार्य अगाडि बढाइने छ ।

२६. अण्डा, माछा, मासु, फलफुल, तरकारीमा आत्मनिर्भर पालिका बनाउन जोड दिइनेछ । नविनतम सोच भएको कृषकको पहिचान गरी पुरस्कृत गर्ने नीति ल्याइने छ ।

२७. पालिका क्षेत्र भित्र कृषि तथा पशुपालनमा स्वास्थ्य प्रतिस्पर्धाको भावना जागृत गराउन कृषि तथा पशु मेला प्रर्दशनीहरुको आयोजना गरिने छ ।

२८. स्थानीय किसानहरुलाई मौरी पालन, च्याउ उत्पादन जस्ता नगदेबालीहरुबारे तालिम सञ्चालन गरिने छ ।

२९. नगरपालिका क्षेत्र भित्र रहेका वेरोजगार नागरिकहरुको पहिचान तथा बर्गीकरण गरी कृषि तथा पशुजन्य उत्पादनमा अनुदानको व्यवस्था गरी उत्पादित वस्तुहरुको वजारीकरण गर्न उचित व्यवस्था मिलाइनेछ ।

३०. दर्ता नभएका तथा संगठित भएका स्थानीय कृषि र आमा समुहहरुलाई दर्ता/ नविकरण/ लेखापरीक्षण प्रकृयामा सहजीकरण गर्ने र उनीहरुको क्षमता अभिबृद्धिको लागि आवश्यक सहयोग गरिनेछ ।

३१. कृषि सामग्रीहरु जस्तै पावर टीलर, मकै छोडाउने मेसीन, सोलार ड्रायर, थ्रेसर आदि ५० प्रतिशत अनुदान सहयोगमा उपलब्ध गराइने छ । कृषकहरुलाई आवश्यक रासायनिक मल नगरले प्रत्येक वडामा वितरण गर्न ढुवानीमा अनुदान दिइनेछ ।

३२. कृषि तथा पशुपालनसंग सम्बन्धित पोष्टर, पम्प्लेट, फिलीप चार्ट जस्ता सञ्चार सामाग्री प्रकाशन गरी कृषि र पशुपालन उत्पादन, उपभोग र बिक्रिबाट जीविकोपार्जनमा सुधार हुने बारेमा चेतनामुलक कार्यक्रम टोलवस्ती तथा विद्यालय तहमा सञ्चालन गरिने छ ।

३३. सार्वजनिक, निजी र सहकारीको तिन खम्बे अर्थ नीतिलाई कार्यन्वयनमा विशेष जोड दिइने छ । नगर क्षेत्र भित्र स्थापना भएका सहकारी संस्थाहरुको अवस्था विश्लेषण, संस्थागत विकास, पूर्वाधार निर्माण र व्यवसायिक विकासका लागि जोड दिइनेछ ।

३४. कृषि उत्पादन र बजारीकरणमा सहकारीहरुलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाईने छ । सहकारी मार्फत कृषि तथा पशु फार्म तथा कृषि उद्योग संचालनमा प्राथमिकता दिईने छ । सहकारी मार्फत लघु कर्जा लगानीको लागि वित्तिय संस्था तथा बैंकहरुमा समन्वय गर्ने नीति लिइने छ । सहकारी सुपथ मूल्य पसलको अवधारण ल्याइनेछ । सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि र संस्थागत विकास मार्फत कृषि लगानीमैत्री वातावरण श्रृजना गरिनेछ ।

**ख) जलश्रोत तथा सिंचाई नीतिः**

३५. पाँचखपन नगरपालिका भित्रका सिंचाई प्रणाली व्यवस्थित गर्न बिशेष पहल गरिने छ । नगरपालिका भित्रका सबै कृषियोग्य भूमिमा सिँचाईको सुनिश्चिता गर्न आवश्यक कार्य गरिनेछ । स्थानीय साना, सतह तथा भूमिगत सिचाई प्रणालीको सञ्चालन निर्माण, सुधार, मर्मत सम्भार तथा सेवा शुल्कको निर्धारण र सङ्कलन

व्यवस्थापन गरिनेछ । नदी खोला बाढी एवं जल उत्पन्न प्रकोप नियन्त्रण सम्वन्धमा स्थानीय जनताको सहभागितामा कार्य अगाडि बढाइनेछ ।

**ग) उद्योग सहकारी नीतिः**

३६. नगर क्षेत्र भित्र क्रियाशिल सहकारी संस्थाहरुको हरेक वर्ष COPOMIS मार्फत विवरण अद्यावधिक गर्न जोड दिइनेछ । उस्तै प्रकृतिका सहकारी संस्थाहरुलाई मर्जका लागि प्रोत्साहन गरिनेछ ।

३७. नगरलाई आर्थिक रुपले आत्मनिर्भर बनाउन नगर क्षेत्रभित्र उद्योग स्थापनाका लागि उद्योग मैत्री नीति अवलम्बन गर्नुका साथै उद्योगीहरूलाई उद्योग स्थापना गर्न विशेष प्रोत्साहित गरिनेछ ।

३८. औद्योगिक कोरिडोर कायम गरी ठुला, मझौला र साना उद्योगहरु संचालन गर्नको लागि उद्योग विकासको सम्भाव्यता अध्ययन गरी आवश्यक नीति तर्जुमा गरिनेछ ।

३९. गरिबीको रेखामुनी रहेका तथा पुर्ण बेरोजगारलाई सिर्जनात्मक काममा परिचालन गर्न उद्यमशील तालिमको माध्यमबाट उद्यमशिलताको बिकास गराई उद्यमी बनाइने छ ।

४०. नयाँ उद्योगहरु स्थापना गर्न लगानी मैत्री वातावरण श्रृजना गरी रोजगारीका अवसर सिर्जना गरिने छ ।

४१. बढ्दो विदेश पलायन रोक्न स्थानीय स्तरमै युवाहरुलाई उद्यमशिल बनाउन युवा लक्षित रोजगारमुलक तालिम संचालन गरिनेछ ।

४२. स्थापना हुने र संचालनमा रहेका उद्योग, व्यपारिक फर्म तथा पसलहरुको दर्ता अनुमति, नविकरण, खारेजी र नियमन गरी औद्योगिक अनुशासन कायम राखिनेछ ।

४३. पालिका भित्र सञ्चालित उद्योग, व्यपारिक फर्म तथा पसलहरु व्यवस्थित सञ्चालन गर्न नगर स्तरीय उद्योग वाणिज्य संघ गठन गर्न जोड दिइने छ ।

**घ) पर्यटन नीतिः**

४४. पर्यटन प्रवर्द्धन "सुन्दर पाँचखपन, समृद्ध पाँचखपन" भन्ने मुल नाराका साथ पर्यटन प्रवर्द्धन र विकास गर्न सरोकारवाला निकायसँग समन्वय, छलफल गरी पर्यटन गुरु योजना तयार गरिनेछ ।

४५. कृषि पर्यटन, शैक्षिक पर्यटन, धार्मिक पर्यटन, हरित पार्क निर्माण लगायतका क्षेत्रको आवश्यक प्रवर्द्धन र विकास गरिने छ । नागेश्वर महादेव तथा गुसेश्वर महादेबको मन्दिर लगायत निर्माणाधिन भ्यूटावर तथा अन्य पर्यटकीय क्षेत्रको भौतिक पूर्वाधार व्यवस्थित तथा सौन्दर्यीकरण गरी पर्यटन प्रवर्द्धन गरिनेछ ।

४६. घोर्ले झरना पर्यटन महोत्सव गरी आन्तरिक तथा बह्य पर्यटक आर्कषण गरी पर्यटन प्रर्वद्धनमा जोड दिइने छ ।

४७. पर्यटन प्रवर्द्धन गर्न सम्भावित स्थानहरुको पहिचान गरी होमस्टेको अवधारणा विकास गरिनेछ ।

४८. पाँचखपन नगरपालिकाको ऐतिहासिक पहिचान बोकेको तुम्लिङटार वाना निमनगढी नागी तेर्से सभा पोखरी पर्यटन पदमार्गको विकास गरी आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ ।

४९. प्रकृतिक सन्दौर्य विग्रने गरी तथा विपद निम्त्याउने गरी जथाभावी अनियन्त्रित रुपमा भइरहेको ढुङ्गा, गिटी, बालुवा, माटो उत्खननलाई रोकी व्यवस्थित रुपमा उत्खनन गर्न नीतिगत व्यवस्था गर्न जोड दिइने छ । खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन, अभिलेखन तथा व्यबस्थापन लगायतका कार्य प्रारम्भ गरिनेछ ।

**आ) सुशासन तथा अन्तसम्बन्ध नीतिः**

**क) गरिवी निवारण नीतिः**

५०. गरिब घरपरिवार पहिचानसम्बन्धी स्थानीय सर्वेक्षण र सूचना व्यवस्थापन कार्य पश्चात गरिबी निवारणको स्थानीय रणनीति तर्जूमा गरी रोजगारीका अवसर सिर्जना गरिनेछ । गरिबी निवारण सम्बन्धी राष्ट्रिय, प्रादेशिक र स्थानीय संस्थासँग सम्पर्क, समन्वय र सहकार्य गरिनेछ ।

**ख) श्रम तथा रोजगारी नीतिः**

५१. रोजगार तथा बेरोजगारको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापना गरिनेछ । गरीबीको रेखामुनी रहेर अत्यन्त कठीन रुपमा जीवन यापन गर्दै आएका नागरिकका लागि सीपमूलक तालिमको व्यवस्था गरी रोजगारीको समेत व्यवस्था गरिनेछ ।

५२. बैदेशिक रोजगारमा गएका युवाहरुलाई स्वदेशमा फर्किने वाताबरण तयार गरी कृषि, पर्यटन, उद्योग ब्यपार, जडीबुटी खेती, पशुपालन र उर्जा उत्पादनको कार्यमा लगानीको वाताबरण तयार गरी स्वदेशमै रोजगारीको सिर्जना गर्ने नीति लागू गरिनेछ ।

**ग) प्राशासकीय सुशासन नीतिः**

५३. पाँचखपन नगरपालिका भित्र अस्तित्वमा रहेको सबै संघ-संस्थाहरुको अनुगमन गरी कानुन बमोजिम बार्षिक साधारण सभा नगरेको, बार्षिक रुपमा लेखापरीक्षण नगरेको संघ-सस्थाहरुलाई प्रचलित कानुन बोजिम खारेज गरिनेछ तथा कानुन बमोजिम सबल रहेका संघ-संस्थाहरुलाई उचित सम्मान सहित पुरस्कृत गरिनेछ ।

५४. पाँचखपन नगरपालिका अन्तर्गतका सम्पूर्ण वडाहरुमा टोल विकास संस्था गठन गरी सहकार्य गरी कार्य अगाडी वढाइनेछ ।

५५. नगरपालिकामा सञ्चालित हुने गैरसरकारी संघ संस्थाले नगरपालिकाको अनिवार्य अनुमती लिए पश्चात आफ्नो कार्य क्षेत्र तय गरी सामुदायिक क्षेत्रमा काम गर्ने ब्यबस्था मिलाइनेछ । संघ संस्थाको गठन, दर्ता, नबिकरण र संञ्चालनको लागि सो संग सम्बन्धित कानुन निर्माण गरी कार्यान्वियनमा ल्याइनेछ ।

५६. विदेशी दातृ निकायहरू मार्फत अनुदान प्राप्त NGO र INGO एवं व्यापारिक संस्थाहरू तथा अन्य संघ संस्थाहरूले नगरपालिकाले प्राथमिकीकरण गरेका क्षेत्रहरूमा मात्र खर्च गर्न पाउने र सहकार्यमा काम गर्ने नीति अवलम्बन गरिनेछ ।

५७. नगर क्षेत्रमा क्रियाशिल गैर सरकारी संस्थाहरुले नगर क्षेत्रमा कार्यक्रम तथा परियोजनाहरु संचालन गर्दा प्रचलित कानुन बमोजिम नगरपालिकाबाट स्वीकृति प्राप्त गरे पश्चात मात्र कार्यक्रम तथा परियोजना संचालन गर्न दिने नीतिलाई कडाईका साथ कार्यान्वयमा ल्याईने छ । उल्लेखित संस्थाहरुले संचालन गर्ने समान प्रकृतिका कार्यक्रम र परियोजनालाई नगरपालिकाको स्वीकृति लिई संयुक्त रुपमा संचालन गराउने नीति अबलम्बन गरिने छ ।

५८. सुशासनका आधारभूत पक्षहरु उत्तरदायित्व, जवाफदेहिता, पारदर्शिता, जनसहभागितालाई प्रवर्द्धन गर्दै सेवाग्राहीहरुलाई सुशासनको अनुभूति दिलाइनेछ । प्रत्येक वडामा गुनासो पेटिकाको व्यवस्था गरिनेछ । नगरपालिकाको सेवा प्रवाह तथा काम कारवाहीका सम्बन्धमा चौमासिक रुपमा सार्वजानिक सुनुवाई गरिनेछ र वडामा पनि वडा स्तरीय सार्वजानिक सुनुवाई गरिनेछ ।

५९. नगर कार्यपालिकाको कार्यालय र प्रत्येक वडा कार्यालयमा नागरिक वडापत्र अपडेट गर्ने व्यवस्था मिलाईने छ । सेवा प्रवाहका सन्दर्भमा प्राप्त हुन आएका सल्लाह, सुझाव, गुनासो र उजुरीको सुनुवाई तत्कालै हुने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

६०. एक नेपाली नागरिक एक निःशुल्क नागरिकता सिफारिस कार्यान्वयन नीतिलाई निरन्तरता दिइनेछ ।

६१. जनताले माग गर्ने कानुन बमोजिमका जुनसुकै सूचना उपलब्ध गराउनका लागि एक संयन्त्र निर्माण गरी जनताको सूचनाको हकको सम्मान गरिनेछ ।

६२. पाँचखपन नगरपालिकाको बार्षिक लेखापरीक्षणद्वारा औंल्याइएका बेरुजु न्यूनिकरण गर्न बेरुजुको छानविन गरी फछ्र्यौट गरी सम्परीक्षण गरिनेछ ।

६३. नगरस्तरीय अनुगमन समिति गठन गरी नगरपालिका क्षेत्र भित्रका सम्पूर्ण गतिविधिहरुको अनुगमन कार्यलाई व्यवस्थित गरिने छ ।

६४. व्यापारीहरुले नगरवासीको जीवनसँग प्रत्यक्ष सरोकार राख्ने उपभोग्य बस्तुहरुको बिक्री गर्दा अनिवार्य मूल्य सूची राख्नु पर्नेछ सो राखे नराखेको नियमित अनुगमन गरिने छ । मूल्य सूची नराखी बढी मूल्यमा विक्री गरी कालाबजारी गर्नेलाई कडाइका साथ कानूनको दायारामा ल्याइने छ । सो का लागि आवश्यक कानुन निर्माण गरिनेछ । अखाद्य तथा म्याद नाघेका खाद्यबस्तुको बिक्री बितरण गर्ने कार्य बन्द गरिने छ ।

६५. नगरपालिकाले प्रवाह गर्ने सेवालाई कर तथा शुल्क संग आवद्ध गरिनेछ । आन्तरिक आय वृद्धि गर्ने रणनीति अवलम्वन गरिनेछ । राजश्व परामर्श समितिको सुझवका आधारमा कर, दस्तुर, शुल्क, भाडा निर्धारण गरिनेछ । तोकिएको समयमै कर वुझाउने करदातालाई सम्मान गरिने छ । करदाता शिक्षा मार्फत नगरवासीलाई कर तिर्न अभिप्रेरित गरिने छ ।

६६. पाँचखपन नगरपालिकाको सार्वजनिक सम्पत्तीको विवरण अध्यावधिक गरी गराई संरक्षण गरिनेछ ।

६७. उपभोक्ता समिति तथा टोल विकास संस्थाको कार्य क्षमता, कार्यकुशलता अभिवृद्धि गर्न अभिमूखीकरण कार्यक्रम संचालन गरिनेछ । योजनाको लागत इष्टिमेट उपभोक्ता समितिले बुझ्ने नेपाली भाषामा तयार गर्ने नीतिगत व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

६८. योजना अनुगमन तथा मूल्याङ्कन कार्य निरन्तर रुपमा हुने व्यवस्था मिलाइने छ । उत्कृष्ट कार्य सम्पन्न गर्ने उपभोक्ता समिति तथा टोल विकास संस्थालाई सम्मान तथा प्रोत्साहन गर्ने नीति लिइनेछ ।

६९. राज्य सञ्चालनको महत्वपूर्ण स्रोत राजस्व रहेकाले आन्तरिक राजस्व सुदृढिकरण योजना बनाई कार्यान्वयन गरिनेछ । प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुका साथै करका नयाँ क्षेत्रहरु पहिचान गरी करको दायरा बढाइनेछ । कर प्रशासनलाई सरल, सवल र पारदर्शी बनाईने छ । सबै किसिमका आय र व्यवसायलाई करको दायरामा ल्याइनेछ । करदाताको अभिलेख अद्यावधिक गरिनेछ ।

७०. सम्पती कर प्रणालीमा जाने नीति अवलम्वन गरिने छ । करका नयाँ संभावना पहिचानका लागि अध्ययन गरिने छ । घर बहाल कर नियमित रुपमा बुझाउन प्रोत्साहन गरिने छ र नियमित रुपमा अनुगमन गरिने छ ।

**घ) कानुन तथा न्याय नीतिः**

७१. असहाय र अन्यायमा परेकाहरुलाई निःशुल्क कानूनी परामर्शका लागि आवश्यक व्यवस्था मिलाईनेछ । कानुन विपरित स्थापना भएका उद्योग, कलकारखाना, प्राकृतिक स्रोतको अनुचित तवरले दोहन गर्नेलाई कानुनको दायरामा ल्याइनेछ । केन्द्र र सबै वडाहरुमा विवाद समधानका लागि मेलमिलाप केन्द्र स्थापना र सञ्चालन क्रमशः गरिने छ ।

७२. न्याय, कानून, मानव अधिकार प्रवर्द्धन तथा मेलमिलाप र मध्यस्थता, निर्णय तथा फैसला कार्यान्वयनलाई व्यावहारिक रुपाम कार्यान्वयनमा ल्याइनेछ । न्याय तथा कानूनी राज्यको परिपालना गर्दै मानव अधिकारको

संरक्षण तथा प्रवर्द्धन गरी व्यक्ति र समुदायबीच मेलमिलाप र मध्यस्थताको कार्यलाई व्यावहारिक रुपमा कार्यान्वयनको सुरुवात गरिनेछ ।न्यायिक समितिका कार्यलाई प्रभावकारी र पारदर्शी बनाईनेछ ।

७३. नीति, ऐन, नियम, कानुनको प्रमाणित प्रतिको संरक्षण, प्रकाशन र अभिलेखलाई व्यवस्थित गरिनेछ । आवश्यक कानूनहरु निर्माण गरी जानकारीको लागि स्थानीय राजपत्र मार्फत प्रकाशन गरिनेछ ।

**ङ) शान्ति तथा सुव्यवस्था नीतिः**

७४. शान्ति सुरक्षालाई मध्यनजर गर्दै बजार क्षेत्रहरु विहिबारे, वाना, भिरकुना क्षेत्रमा हुने सम्पूर्ण गतिविधिहरुको जानकारीका लागि सि.सि. क्यामेराको विस्तारलाई बढाइनेछ ।

७५. पाँचपन नगरपालिका क्षेत्रभित्र शान्ति सुक्षालाई मध्यनजर गर्दै एक वडा एक प्रहरी चौकी स्थापना गर्न जोड दिइने छ ।

७६. नगरपालिकाको छुट्टै नगर प्रहरी सेवा गठन गरी नगर प्रहरीको पदपूर्ति गरिनेछ ।

**च) वातावरण तथा जलवायु नीतिः**

७७. वन तथा जैबिक बिबिधताको संरक्षण गर्दै वैज्ञानिक वन व्यवस्थापनलाई उच्च प्राथमिकता दिइनेछ । बाढीबाट जोगाउन भु—संरक्षण, तटबन्ध व्यबस्थापन, बृक्षारोपण र जैविक विविधतालाई संरक्षण गरिनेछ । सामुदायिक वन उपभोक्त समुहहरुलाई नियमन र नियन्त्रण गर्दै वन संरक्षण तथा बिकास गर्ने नीति अवलम्बन गरिने छ । सार्वजनिक तथा वन क्षेत्र भित्रका खाली जमिनमा बृक्षारोपण गर्दै लगिने छ । वातावरण संरक्षण सम्वन्धमा विद्यालयस्तरसम्म चेतनामूलक कार्यक्रम संचालन गरिने छ । नगर क्षेत्र भित्र एक वडा एक उद्यान कार्यक्रमलाई जोड दिइनेछ ।

७८. वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गरिनेछ । सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती वनको संरक्षण, सम्वर्द्धन, उपयोग र नियमन गरिनेछ । नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा र सार्वजनिक खाली जग्गा, पाखा वा पखेरा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ । नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन कार्यक्रममा सरोकारवाला निकायको समन्वय र सहयोगमा उचित व्यवस्थापन गरिनेछ ।

७९. स्वच्छ तथा स्वस्थ वातावरण र जलाधार तथा वन्ययजन्तुको संरक्षण व्यवस्थापन सम्बन्धी नीति, कानून, कार्यक्रम तर्जूमा, कार्यान्वयन र नियमन गरिनेछ । वातावरणीय जोखिम न्यूनीकरण र न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन गरिनेछ ।

८०. "नगरवासीको एउटै रहर, स्वच्छ, सफा, हराभरा र समृद्ध नगरको ठहर" को नारा सहित फोहरमैलालाई व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइटको व्यवस्थापन गर्न उपयुक्त जग्गा खोजी गरी उचित ब्यबस्था गर्ने कार्यलाई अगाडी बढाइने छ । सरोकारवाला निकायको सहयोगमा ल्याण्डफिल साईड सम्वन्धी थप अध्ययन गराई फोहर व्यस्थापनको दीगो प्रवन्ध मिलाइने छ । सो का लागि छिमेकी नगरपालिकासंग पनि समन्वय गरिनेछ । जथाभावी फोहर फाल्ने कार्यलाई निरुत्साहित गरी नगरक्षेत्रको सबै स्थानमा टोल विकास संस्था मार्फत सरसफाई अभियान संचालन गरिनेछ । फोहर व्यवस्थापनमा असहयोग गर्नेलाई कानुन बमोजिम कारवाहरी गरिने छ ।

८१. नगरमा व्यवस्थित ढल निकासका लागि योजना तर्जुमा गर्न आवश्यक अध्ययन गराउन पहल गरिने छ । वातावरण प्रदुषण हुन नदिन नगरपालिका भित्र मापदण्ड विपरितका प्लाष्टिकको विक्रि वितरण, प्रयोगमा रोक लगाउने नीति लिईने छ ।

**छ) विपद व्यवस्थापन नीतिः**

८२. विपद व्यवस्थापन प्रकोपकजन्य जोखिमलाई न्यूनीकरण गर्न विपद् पूर्व तयारी योजना वा स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा गरिनेछ । विकासका योजना तयार गर्दा बिपद् न्यूनिकरणका पक्षमा विशेष ध्यान दिईने छ । नगर स्तरीय विपद् व्यवस्थापन सम्बन्धी विपद व्यवस्थापन कोष खडा गरिनेछ र उद्धार कार्यको लागि राहत सामग्री खरिद र जनशक्ति सम्बन्धी आवश्यक नीति नियम तर्जुमा गरिनेछ ।

८३. बिपद् पूर्व तयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयन गरिने छ । बिपद् पूर्व तयारीका लागि समुदायको क्षमता बिकास सम्बन्धी क्रियाकलापका लागि अन्य सरकारी, गैरसरकारी संघ संस्थाको रचनात्मक सहयोग प्राप्तिका लागि पहल गरिने छ । विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वयको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

**ज) मानव संशाधन विकास नीतिः**

८४. कर्मचारीलाई उत्प्रेरित गर्न कर्मचारीको योग्यता, क्षमता र रुचिका आधारमा उपयुक्त व्यक्तिलाई उपयुक्त स्थान (Right Man on the Right Place) भन्ने सिद्धान्त परिपालन गरिनेछ । कार्य सम्पादनका आधारमा दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ । सोका लागि आवश्यक कार्यविधि तयार गरी मूल्याङ्कन गरिनेछ ।

८५. कर्मचारीहरुको उच्च मनोवल बढाई कार्यालयको काम प्रति प्रेरित गर्न तथा कार्यालय समय बाहेक पनि कार्य गर्न अभिप्रेरित गर्न प्रोत्साहनको व्यवस्था गरिने छ ।

८६. स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम अवकास कोषमा हरेक वर्ष रकम विनियोजन गरी कर्मचारी कल्याणकोषको व्यवस्था गरिनेछ । प्राविधिक तथा अप्राविधिक कर्मचारीहरुलाई काम प्रतिको जवाफदेहीता प्रवर्द्धन गर्न तथा ज्ञान सीप र क्षमतामा निखारपन ल्याउन आवश्यकता बमोजिम तालिममा पठाइने छ ।

८७. स्वास्थ्यकर्मीहरुको क्षमता बिकास अन्तर्गत आवश्यकता अनुसार तालिम कार्यक्रममा सहभागी हुन पठाइने छ ।

**झ) सामाजिक विकास नीतिः**

**क) शिक्षा नीतिः**

८८. "दक्ष जनशक्ति गुणस्तरीय शिक्षा, आत्मनिर्भर एवं समृद्ध नगर हाम्रो अपेक्षा" भन्ने मुल नारा सहित शैक्षिक क्षेत्रमा ब्यापक सुधारसँगै बिकासको नीति लागू गरी एक वडा एक नमुना बिद्यालयको योजना तय गरिनेछ ।

८९. शिक्षा क्षेत्रको क्रियाकलाप नियमित र व्यवस्थित गर्न शैक्षिक क्यालेण्डर प्रकाशन गरी लागू गरिनेछ ।

९०. पाँचखपन नगरपालिकाको स्थानीय पाठ्यक्रम तयार गरी लागू गरिनेछ ।

९१. पाँचखपन नगरपालिकको माध्यमिक विद्यालयहरुको विद्यार्थीहरुबीच "नगर प्रमुखसँग छात्र-छात्रा अन्तरक्रिया कार्यक्रम" सञ्चालन गरिनेछ ।

९२. सामुदायिक आधारभूत र माध्यमिक विद्यालयका गुणस्तरीय शिक्षाका लागि वैकल्पिक शिक्षण विधिहरु अपनाई डिजिटलाइज शिक्षा प्रणालीमा उच्च प्राथमिकता दिइने छ । विद्यालयका भौतिक पूर्वाधारलाई बाल/अपाङ्ग तथा वातावरणमैत्री बनाउन जोड दिइनेछ ।

९३. परीक्षा प्रणालीलाई व्यवस्थित र मर्यादित बनाई अन्तर विद्यालय प्रतिस्पर्धामा जोड दिइनेछ । उच्च अंक हासिल गर्ने विद्यालयलाई पुरस्कृत गर्ने नीति ल्याइने छ ।

९४. विद्यालय सुशासन, पारदर्शिता र जवादेहिता अभिबृद्धिको लागि कार्य सम्पादन सम्झौता, सामाजिक परीक्षण, सार्वजनिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षणलाई वास्तविकतामा आधारित बनाइने छ ।

९५. नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुबाट एस.इ.इ. मा सर्वोत्कृष्ट अंक हासिल गर्ने छात्र तथा छात्रालाई नगरप्रमुखबाट सम्मानित गरिनेछ ।

९६. पाँचखपन नगरपलिका, संखुवासभा स्थायी ठेगाना भई यहि नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा अध्ययन गरी एस.ई.ई. मा उत्कृष्ट अङ्क प्राप्त गर्ने ३ जना विद्यार्थी छनौट गरी कक्षा ११ र १२ मा विज्ञान र सरकारी क्याम्पसमा एम.बि.बि. एस. तथा सिभिल इन्जिनियर विषय अध्ययनको लागि इच्छुक सो विषय अध्ययन गर्न छनौट भएका विद्यार्थीलाई अध्ययनको लागि लाग्ने नियमित मासिक शुल्कमा ५० प्रतिशत रकम नगरपालिकाबाट अनुदान उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।

९७. निर्वाचित प्रतिनिधि, सरकारी निकायमा कार्यरत राष्ट्र सेवक कर्मचारी र सामुदायिक विद्यालयमा अध्यापन गर्ने शिक्षकहरुले आ-आफ्ना बालबालिकालाई सामुदायिक विद्यालयमा पढाउन प्रेरित गरिने छ ।

९८. शैक्षिक बेरोजगारी समस्यालाई ध्यानमा राखी व्यवसायिक, सीपमुलक र व्यवहारिक प्राविधिक शिक्षामा विशेष जोड दिइनेछ ।

९९. विद्यालयको शिक्षणमा प्रभावकारिता ल्याउन अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरिनेछ । शिक्षामा सबैको समान अधिकार र पहूँच पुर्‍याउन अनिवार्य आधारभुत शिक्षालाई प्रभावकारी रुपमा कार्यन्वयन गरिने छ ।

१००. नेपाल सरकारको नीति अनुरुप बिद्यार्थी संख्या, सुगमता आदि मापदण्डका आधारमा बिद्यालय मर्ज गर्ने कार्यलाई अगाडी बढाइनेछ ।

१०१. नगर क्षेत्र भित्र न्यून दरवन्दीमा सञ्चालित सामुदायिक विद्यालयहरुको आवश्यकता पहिचान गरी शैक्षिक सुधार कार्यक्रम मार्फत अनुदान उपलब्ध गराइनेछ ।

१०२. सामुदायिक अध्ययन केन्द्रको कार्यलाई समय सापेक्ष बनाउन जोड दिइने छ ।

१०३. विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्था गर्न र साबुन पानीले हात धुने बानीको विकास गर्न प्रेरित गरिनेछ ।

१०४. वालवालिकालाई विद्यालय नपठाउने अभिभावकलाई वडा कार्यालयको सिफारिसको आधारमा नगरपालिकाले प्रदान गर्ने सार्वजनिक सेवा (जस्तै सामाजिक सुरक्षा भत्ता र सबै प्रकारका सिफारिसहरु) बाट बञ्चित गर्ने नीति कडाईका साथ कार्यान्वयन गरिनेछ ।

१०५. नगर भित्र रहेको सामुदायिक र संस्थागत विद्यालयहरुको सहभागितामा बार्षिक रुपमा हाजिरीजवाफ, वक्तृत्वकला, गायन प्रतियोगिता लगायतका क्षमता विकास तथा प्रतिभा प्रष्फुटन गर्ने कार्यक्रम संचालन गर्ने नीति अवलम्वन गरिनेछ ।

१०६. नगरक्षेत्रमा सञ्चालित सबै सामुदायिक तथा संस्थागत विद्यालय, शिक्षक, विद्यार्थी समेतलाई आधार बनाएर नगर शिक्षा प्रोफाईल बनाउने कार्यको थालनी गरिनेछ ।

१०७. तोकिएको मापदण्ड पुगेका विद्यालयहरुलाई मात्र स्तरोन्नतीको स्वीकृति दिइनेछ ।

१०८. सामुदायिक विद्यालयमा न्यून तलब भत्तामा कार्यरत विद्यालय कर्मचारी, विद्यालय सहयोगी, बाल सहयोगी कार्यकर्तालाई उचित प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ ।

**ख) स्वास्थ्य नीतिः**

१०९. "बाल तथा मातृमृत्युदर शुन्य भएको नगरको कल्पना हाम्रो सपना" नीतिलाई कार्यान्वयन गर्न बालबालिका तथा गर्भवती महिलाहरुलाई निःशुल्क स्वास्थ्य जाँच, क्याल्सियम तथा एक्सरे सेवाको सुनिश्चिता गरिनेछ,

साथै अति विपन्न गर्भवती महिलाहरुलाई सुरक्षित प्रसुती गराउन स्वास्थ्य चौकी/अस्पतालसम्म ल्याउन र लान पालिका क्षेत्र भित्र यातायातको आवश्यक प्रवन्ध मिलाइने छ ।

११०. टोल विकास संस्थाहरुको गठन मार्फत आफ्नो टोल वस्तीमा स्वास्थ्य तथा पोषण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१११. गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थासम्म जान प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ ।

११२. सम्पूर्ण बालबालिका, किशोरी तथा प्रजनन उमेरका महिलासम्म पोषणयुक्त खाना तथा हेरचाहको समान पहुँच सुनिश्चित गरिनेछ ।

११३. महिला स्वयम सेविकाहरुको कार्यलाई प्रोत्साहित गर्दै राष्ट्रिय स्वास्थ्य कार्यक्रम तथा प्रजनन स्वास्थ्य सुदृढीकरणमा जोड दिइनेछ ।

११४. "एक वडा, एक सुनौलो हजार दिनको कार्यक्रम" सञ्चालन गरिनेछ ।

११५. नगरवासीको स्वास्थ्यमा प्रत्यक्ष हानी पुऱ्याउने जङ्क फुड मुक्त पालिका घोषण गर्ने तथा म्याद नागेका खाद्ययपदार्थ हटाउन  कडाइका साथ बजार अनुगमन गरिनेछ साथै विद्यालय वरिपरी  भएका खानाहरु जस्तै पानीपुरी, चटपटेमा मिसाईने रासायनिक खाद्य पदार्थहरुलाई निरुत्साहित गरिनेछ ।

११६. समाजमा हुने खानपान र व्यवहारका कारण कुपोषण हुने अवस्थालाई न्यूनिकरण गर्ने वातावरणको सिर्जना गर्न पहल गरिनेछ ।

११७. स्वास्थ्य तथा षोषणका क्षेत्रमा कार्यरत एजेन्सीहरुसँग साझेदारी र समन्वय गर्ने नीति लिइनेछ ।

११८. सार्वजनिक स्थलमा मध्यपान तथा धुम्रपान निषेध गरिनेछ ।

११९. स्वास्थ्य बीमा कार्यक्रमलाई नेपाल सरकारको घोषणा अनुसार सबै जनतामा पुऱ्याउन सचेतना वा जागरणका कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

१२०. नगरपालिका क्षेत्रभित्र रहेका अति विपन्न वर्गका १०० घर परिवारहरुलाई निःशुल्क स्वास्थ्य बीमा गराइनेछ ।

१२१. सार्वजनिक निजी साझेदारीमा अस्पताल स्थापना र सञ्चालन कार्यलाई प्राथमिकतामा राखिनेछ । किशोर किशोरीलाई लक्षित गरी प्रजनन् स्वास्थ्य सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

१२२. समय समयमा बिपन्न, असहाय, दलित, जेष्ठ नागरिक र महिलाको स्वास्थ्य जाँचका लागि स्वास्थ्य शिबिर संञ्चालन गरिनेछ ।

१२३. विरामीहरुसँग दक्ष तथा अनुभवी चिकित्सकहरुको भर्च्युअल उपस्थितिमा चेकजाँच गरी उपचार गर्ने वैज्ञानिक पद्धति "टेलिमेडिसिन सेवा" पाँचखपन आधारभुत अस्पतालमा विस्तार गर्न आवश्यक व्यवस्था गरिनेछ ।

१२४. सबै स्वास्थ्य चौकीमा भौतिक पूर्वाधार निर्माण गरी प्रयोगशालाको सुविधा सहितको गुणस्तरीय स्वास्थ्य सेवा विस्तारमा जोड दिइनेछ । साथै सबै स्वास्थ्य चौकीहरूमा क्रमशः बर्थिङ् सेन्टर स्थापना गर्ने नीति अवलम्बन गरिनेछ ।

१२५. स्वास्थ्य मापदण्ड पूरा गरी स्वास्थ्य संस्थामा प्रसुति हुने आमाहरुलाई प्रोत्साहन स्वरुप रु.२०००।— पौष्टिक आहाराको लागि प्रदान गरिनेछ ।

१२६. विरामीको चापलाई मध्यनजर राखी आवश्यकता र निर्देशिकाको आधारमा खोप केन्द्रहरु मध्येबाट शहरी स्वास्थ्यकेन्द्रमा रुपान्तरण गर्न प्रबन्ध मिलाउदै जाने नीति लिइने छ ।

१२७. स्वास्थ्यको पहुँचमा मूलप्रवाहीकरण गर्न विपन्न नागरिकहरुको पहिचान गरी स्वास्थ्य विमाको ब्यबस्था गर्न प्रोत्साहन गरिने छ ।

१२८. स्वास्थ्य कार्यनीति वनाउन पहल गरिने छ । विपन्न गरिव नागरिकहरुलाई उपचारर्थ अस्पतालसम्म पुर्‍याउन लाग्ने खर्चका लागि आकास्मिक कोषको व्यवस्था गरिनेछ ।

१२९. पाँचखपन नगरपालिका क्षेत्रमा रहेका अनइच्छुक गर्भको सुरक्षित गर्भपन सेवा उपलब्ध गराउने व्यवस्था गरिनेछ । सुरक्षित गर्भपतन पछि परिवार नियोजन सेवाको सुनिश्चित गरिनेछ ।

**ग) खानेपानी तथा सरसफाई नीतिः**

१३०. सबै नगरबासीहरूलाई २ वर्षभित्र स्वच्छ तथा सफा खानेपानीको लागि अल्पकालिन र दीर्घकालनि योजना कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ ।

१३१. निर्माणाधीन वाना विहिवारे वृहत खानेपानी योजना आगामी आर्थिक बर्ष २०७९/८० सम्म कार्य सम्पन्न गरी खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई हस्तान्तरण गरी मिटर प्रणाली लागू गरिनेछ ।

१३२. पाँचखपन नगरपालिकाको अनुरोधमा गोर्खा वेलफेयर ट्रस्टद्वारा सञ्चालन हुने खानेपानी तथा सरसफाई कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन जोड दिइनेछ ।

१३३. पाँचखपन नगरपालिकालाई पूर्ण सरसफाईयुक्त नगर निर्माण गर्न विभिन्न सरकारी, गैर—सरकारी संघ—संस्थाको सहयोग र समन्वय तथा आम नागरिक समेतको सहभागितामा पूर्ण सरसफाई कार्यक्रम लागु गरिने छ ।

१३४. नगर क्षेत्र भित्रका विद्यालय, सार्वजनिक स्थान/चोकहरुमा खानेपानी धाराहरुको जडान गर्ने एवं सार्वजनिक शौचालयहरुको निर्माण गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

१३५. वर्षातको महिना खानेपानी मार्फत विभिन्न सरुवा रोगको महामारी फैलिने सम्भावनालाई मध्यनजर गर्दै सरोकारवाला सहयोगी निकाय समेतको सहयोग र समन्वयमा पानी शुद्धीकरणका लागि विभिन्न विधिका बारेमा आम नागरिकहरुमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

**घ) युवा तथा खेलकुद नीतिः**

१३६. “पाँचखपनवासीको एकता, समृद्ध नगरको लागि खेलकुदको आवश्यकता” लाई आत्मसात गर्न नगरपालिका क्षेत्रमा खेलकुदको सर्वाङिण विकासका लागि नगरस्तरीय खेलकुद विकास समिति मार्फत खेलकुद कार्यक्रम सञ्चालन तथा व्यबस्थापन गर्न प्रवन्ध मिलाइनेछ ।

१३७. नगरपालिका क्षेत्रमा निर्माणाधिन रंगशालाको निर्माण कार्यलाई सुचारु गर्न आवश्यक पहल गरिनेछ साथै कवर्डहलको निर्माण कार्यका लागि जग्गा खोज कार्यलाई अगाडी बढाइनेछ ।

१३८. सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई खेलकुदप्रति आकर्षण गर्न विद्यालयहरुलाई खेलकुद सामग्री खरिद तथा खेल मैदानको स्तरोन्नती गर्न सहयोग गरिनेछ ।

१३९. खेलकुदको माध्यमबाट नगरको पहिचान स्थापित गर्न एक वडा एक खेलमैदान निर्माण गर्न जोड दिइनेछ ।

१४०. युवा जनशक्ति समाज बिकासको मेरुदण्ड भएकोले बिकास निर्माण, आर्थिक उन्नती, कृषि उत्पादन र सामाजिक परिचालनमा नगरपालिकाका ९ वटै वडामा खेलकुद सम्बन्धित युवा क्लब गठन गर्न प्रोत्साहन गरिनेछ । ती युवा क्लबहरुलाई सामाजिक विकासका अरु क्षेत्रमा आम युवाको सहभागिता सहितको कार्यक्रम परिचालनमा प्राथमिकता दिइनेछ ।

१४१. वर्षको कम्तिमा १ पटक नगर स्तरमा पाँचखपन नगर कप लगायत बिभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।

**ङ) सामाजिक सुरक्षा तथा संरक्षण नीतिः**

१४२. सामाजिक रुपमा पछाडि परेका वर्ग तथा समुदायको पहुँचमा अभिवृद्धि गर्दै अगाडी बढने वातावरण सिर्जना गर्ने नीति अवलम्बन गरिनेछ । सामाजिक रुपान्तरण मार्फत गरिबी न्यूनिकरणलाई सहयोग पुर्‍याउन सामाजिक परिचालनका कार्यक्रमलाई अझ सशक्त र प्रभावकारी वनाउँदै लगिनेछ । भौगोलिक क्षेत्रका कारण विकासका अवसरहरुबाट पछाडि परेका नगरवासीहरुलाई त्यस्तो क्षेत्रहरुको पहिचान गरी विशेष कार्यक्रम कार्यान्वयन गर्दै लगिनेछ । सबै समुदायको हक हितको संरक्षण, सम्वर्द्धन गर्दै सम्बन्धित वर्गको भाषा, कला, साहित्य, धर्मलाई प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ ।

१४३. पाँचखपन नगरपालिकालाई महिला हिंसा रहित नगरपालिकाको रुपमा स्थापित गर्ने नीतिलाई प्रभावकारी रुपमा अगाडी बढाईनेछ । हिंसाबाट पीडित महिलाहरुलाई न्याय दिलाउन संकटा कोषको स्थापन गरिनेछ । महिला हिंसा, लैङ्गिक विभेद, बालश्रम, वालविवाह, अनमेल विवाह जस्ता सामाजिक समस्याहरुलाई निरुत्साहित गर्न नीतिगत चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । नगरस्तरमा महिला सहकारी तथा समुहहरु स्थापना गरी महिलाहरुको आयआर्जनमा बृद्धि हुने कार्यक्रम सञ्चालन गरिनेछ । महिलाको क्षमता अभिबृद्धिका लागि सीपमुलक, चेतनामुलक कार्यक्रम संञ्चालन गरिनेछ । महिला स्वास्थ्य स्वयंसेविकाको क्षमता विकास र प्रोत्साहनका लागि विशेष व्यवस्था गरिनेछ ।

१४४. बालश्रम, बालशोषण, बालबिबाह र बालहिंसा न्युनीकरण गर्न कानुनहरुलाई प्रभाबकारी रुपमा कार्यान्वयन गर्न पहल गरिनेछ । बाल बचाउ, बाल संरक्षण, बाल विकास र बालबालिकाका लागि गरिने निर्णय प्रकृयामा अर्थपूर्ण सहभागिता गराउन विशेष पहल गरिनेछ । नगरलाई बालमैत्री नगरको रुपमा घोषणा गर्नको लागि कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ । बालमैत्री विद्यालय र बालमैत्री शिक्षण सिकाई पद्धतिको विकासको लागि सम्बन्धित विद्यालयहरुलाई सहयोग गर्ने नीति अवलम्बन गरिनेछ । बाल क्लब र बाल सञ्जालहरु मार्फत बालबालिकाको चेतना अभिबृद्धि गरिनेछ ।

१४५. बाल विवाह तथा अनमेल विवाह न्यूनीकरण गर्न चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१४६. "बालबालिका भोलिका कर्णधार मात्र नभएर आजका साझेदार हुन" भन्ने नीति अवलम्बन गरिनेछ । विद्यालयमा भर्ना भएका किशोर किशोरीहरुको ड्रप आउट दरलाई न्यूनिकरण गर्न वडा मार्फत चेतनामूलक तथा सशक्तिकरणका कार्यक्रम सञ्चालन गरिनेछ । बालक्लब गठन र सञ्चालनका लागि कार्यविधि बनाई वडा कार्यालय मार्फत बालक्लब गठन र सञ्चालन गरिनेछ ।

१४७. हिंसामा परेका बालबालिका तथा महिलाहरुको लागि सुरक्षित आश्रयस्थल आवस गृहको व्यवस्था गर्न जोड दिइनेछ ।

१४८. नगरका विभिन्न स्थानमा स्थानीय नागरिक र सार्वजनिक निजी साझेदारीमा बाल उद्यान निर्माण गर्न पहल गरिने छ । यस प्रकारका बाल उद्यान निर्माणमा निजी तथा सामुदायिक विद्यालयको सहकार्यलाई प्राथमिकता दिइनेछ ।

१४९. ज्येष्ठ नागरिक हाम्रा इतिहास हुन वहाँहरुको सम्मान गर्नु हाम्रो कर्तव्य हो । तसर्थ जेष्ठ नागरिक दिवसका दिन पाँचखपन नगरपालिका क्षेत्रमा रहेका सबै भन्दा जेष्ठ महिला र जेष्ठ पुरुष नागरिकलाई नगरस्तरीय जेष्ठ नागरिक घोषणा तथा सम्मान कार्यक्रम गरिनेछ ।

१५०. सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण कार्यलाई निरन्तरता दिइनेछ । जेष्ठ नागरिकको अभिलेख संकलन र परिचय पत्र वितरण कार्यलाई सरल सहज र व्यवस्थित बनाइनेछ ।

१५१. नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने अति विपन्न, अशक्त, असहायहरुलाई प्रभावकारी ढंगबाट आर्थिक सहायता प्रदान गरिनेछ ।

१५२. दलित समुदायको परम्परागत सीपलाई आधुनिकीकरण गर्दै उद्योगको रुपमा बिकास गर्ने नीति अवलम्बन गरिनेछ । जातीय छुवाछुत एबं भेदभाव बिरुद्धको कानुनलाई कडाईका साथ लागु गरिनेछ । दलित तथा दलित महिला सहकारीहरु स्थापना गरी आयआर्जनमा बृद्धि तथा आत्मनिर्भर बन्ने वातावरण निर्माण गरिनेछ सोका लागि लक्षित कार्यक्रम सञ्चालन गरी थप सशक्तिकरण गरिनेछ । विपन्न दलितबस्ती पहिचान गरी नमुनाबस्ती बिकास कार्यक्रम शुरुवात गरिनेछ ।

१५३. दलित तथा सिमान्तकृत समुदायको सशक्तिकरण र क्षमता विकासमा विशेष जोड दिइनेछ । यस नगरक्षेत्र भित्र छुवाछूत, जातीय भेदभाव लाई उन्मूलन गर्ने गरी विशेष कार्यक्रमहरु तय गरी लागू गरिनेछ ।

१५४. हरेक भौतिक पुर्वाधार निर्माण गर्दा अपाङ्ग तथा बालमैत्री बनाउने नीति लिइनेछ । नगरपालिकाबाट प्रवाह हुने सेवामा अपांगलाई प्राथमिकता दिइनेछ । फरक क्षमता भएका व्यक्तिहरुको क्षमता पहिचान र विकासका लागि कार्यक्रम बनाई लागू गरिनेछ । नगरभित्र अपांगता भएका नागरिकहरुको लगत तयार गरि परिचय पत्र वितरणमा जोड दिइनेछ । अपांगता भएका नागरिकहरुलाई नगरपालिकाले जुनसुकै प्रकारका सिफारिस गर्दा वा व्यवसाय दर्ता वा नवीकरण गर्दा लाग्ने राजश्वमा १० प्रतिशत छुट दिइनेछ ।

१५५. आधुनिक अनलाइन प्रविधि मार्फत जन्म, मृत्यु, विवाह, बसाइसराई र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता व्यवस्थापन गरिनेछ । पञ्जिकरण र सामाजिक सुरक्षालाई पनि अनलाइन प्रविधि मार्फत व्यवस्थित गर्न निरन्तरता दिइनेछ । जेष्ठ नागरिक, एकल महिला, दलित, अशक्त र नावलक परिचय–पत्र वितरण कार्यलाई सरल, सहज र व्यवस्थित र झन्झटमुक्त गरिनेछ ।

**च) भाषा तथा संस्कृति नीतिः**

१५६. आदिवासी जनजातीहरुको भाषा संस्कृति संरक्षण कार्यक्रम संचालन गरिनेछ । आदिवासी जनजातीको परम्परा देखि चलि आएको ज्ञान, सीप, भेषभूषा, भाषा, लिपी, कला, संस्कृतिको जगेर्ना गरिनेछ ।

१५७. “सभ्यता हाम्रो परिचय, संस्कृती हाम्रो पहिचान” भन्ने नारालाई स्थापित गरी सबै भाषा धर्म संकृतिको संरक्षण सम्वर्द्धन र विकास गर्दै लैजाने नीति अबलम्बन गरिनेछ । सांस्कृतिक परम्परा बमोजिम मनाइने पर्वहरुलाई व्यवस्थित गरिनेछ र नगर भित्र रहेका धार्मिक मठ मन्दिर, गुम्वा, चर्च, शालिक, मस्जिदको अभिलेख तयार गरी आवश्यक मर्मत–सम्भार, सुधार तथा सौन्दर्यीकरण गरी धार्मिक पर्यटनका लागि विशेष जोड दिइनेछ । अल्पसंख्यक जातजाती र भाषाभाषीको भाषा संस्कृति र ललितकलालाई संरक्षण गर्नका लागि विशेष नीति योजना बनाई सास्कृतिक संग्रहालय निर्माणको पहल गरिनेछ ।

१५८. नगरको पहिचान झल्कने गरी नगरस्तरीय स्मारक पार्क स्थापना गर्न जोड दिइनेछ । साथै एक वडा एक स्मारक पार्क निर्माण गर्ने कार्य शुरु गरिनेछ ।

१५९. समाजमा रहेका विभिन्न कला प्रतिभाहरु जस्तै लेखक, कलाकार, साहित्यकार, चित्रकार, कालीगढ तथा स्तम्भकार आदिको राय सुझावको आधारमा कला साहित्य र संस्कृतिको प्रवर्द्धनको कार्यक्रम तर्जुमा गर्ने कामको थालनी गरिनेछ । पुरातात्विक महत्वका बस्तुहरुको संरक्षण गरिनेछ । मठ, मन्दिर, पाटीपौवा र गुठीहरुको संरक्षण र व्यबस्थापनको कार्यलाई प्राथमिकता दिइने छ ।

१६०. स्थानीय चाडपर्व, सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको स्थानीय आवश्यकता अनुरुप उचित व्यवस्थापन गरिनेछ ।

**ई) पूर्वाधार विकास नीतिः**

**क) यातायात पूर्वाधार नीतिः**

१६१. नगरस्तरीय यातायात गुरुयोजना (MUNICIPAL TRASPORT MASTER PLAN, MTMP) तयार गर्न जोड दिइनेछ । साथै MTMP बाट निर्दिष्ट गरिएका सवै सडकहरुको Right of Way (ROW) निर्धारण गरी त्यसको प्रभावकारी कार्यान्वयन गरिनेछ । निर्माण शुरु भई सम्पन्न हुन नसकेका योजनाहरुलाई प्राथमिकतामा राखी सम्पन्न गर्ने नीति अवलम्बन गरिनेछ ।

१६२. आवधिक योजना तयार गरि योजनाहरु प्राथमिकीकरण गरी कार्य अगाडी बढाइनेछ ।

१६३. सबै वडाहरुलाई समेट्ने गरी पाँचखपन रिङ रोडको अवधारणा ल्याइने छ ।
सडक अधिकार क्षेत्र मिच्ने, सार्वजनिक स्थानमा घर टहरा बनाउने कार्यलाई पूर्ण रुपमा निरुत्साहित गरिने छ ।

१६४. नगरपालिका कार्यालयदेखि प्रत्येक वडा केन्द्रसम्म पुग्ने सडक सञ्जालहरुको स्तरोन्नति गरिने छ । एक वडा एक सडक DPR तयार गरी कार्य अगाडि बढाइनेछ । हरित र वाताबरण मैत्री सडक निर्माणलाई जोड दिदै सडक संरक्षणका लागि वायो इन्जिनियरिङ गरिनेछ । यातायात सुविधामा सबै नगरवासीहरुको सहज र समान पहुँच सुनिश्चित गर्न तथा नियमित सञ्चालनमा ल्याउन मुख्य तथा सहायक सडकहरुको रेखदेख गर्न सडक हेरालुको व्यवस्था गरिनेछ ।

१६५. नगर क्षेत्रमा सडक ट्र्याक ओपन धेरै भएका छन तर प्रयोगमा आउन सकेको छैन । बाढी पहिरोका कारण त्यस बाट धेरै क्षति पनि भएका छन तसर्थ आगामी दिनमा अति आवश्यक बाहेक सडक ट्र्याक ओपनलाई निरुत्साहित गर्दै भएका सडकलाई स्तरोन्नती गर्न जोड दिइने छ ।

१६६. पाँचखपन नगरपालिका विकासोन्मुख नगरपालिका हो । यस पालिका क्षेत्रमा लामो दुरीको कुनै पनि सडक कालोपत्रे हुन सकेको छैन । तसर्थ, संघीय सरकारसँग साझेदारी गरी सदरमुकाम जोड्ने वाना लिङलिङ वडेरनी सडकलाई कालो पत्रे गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१६७. चैनपुर वाह्रविसे सडक स्तरोन्नतीका साथै कालोपत्रे गर्ने कार्य मुख्यमन्त्री ग्रामीण सडक परियोजना र प्रदेश सरकारसँग साझेदारी गरी कार्य गर्न निरन्तरता दिइनेछ ।

१६८. नगर क्षेत्र भित्र रहेका सडकहरुको कर व्यक्तिहरुले नै तिरिरहेकाले उक्त सडकहरुको क्रमशः लगत कट्टा गरी सार्वजनिक सडकको रुपमा लैजान जोड दिइनेछ ।

१६९. "धुलो रहित शहर, पाँचखपन वासीको रहर " भन्ने मूल नारालाई स्थापित गर्न नगर क्षेत्रमा भएका सडकहरुलाई आगामी समयमा क्रमशः धुलो रहित सडक बनाउने नीति अबलम्बन गरिनेछ । जसका लागि नगरपालिकाका मुख्य सडक, शाखा सडक र भित्री सडकहरु क्रमशः ढलान तथा कालोपत्रे गरिने नीति लिइनेछ ।

**ख) भवन आवास तथा सहरी विकास नीतिः**

१७०. घर नक्सा पास तथा भवन मापदण्ड लागू गरि नियमन गरिनेछ ।

१७१. नगरपालिका गठन हुनु पूर्व निर्माण भएका पक्की तथा कच्ची घरहरुको अभिलेखिकरण कार्य प्रारम्भ गरिने छ । नगरपालिकाबाट अनुमति नलिई भवन निर्माण गर्ने घरधनीलाई नगरपालिकाले कार्यालयहरुका

तर्फबाट गरिने सम्पूर्ण सिफारिस तथा सुविधामा रोक लगाई प्रचलित कानून बमोजिम सजाय समेत गरिने छ । शहरी बिकास तथा भवन निर्माण आचारसंहितालाई कडाइका साथ लागू गरिनेछ ।

१७२. घर नक्सा पास गरेर मात्र भवन निमार्णका लागि अनुमति दिइनेछ, अनुमति दिंदा आफ्नो घर परिसर भित्र अनिवार्य रुपमा कम्तिमा २ वटा रुख बिरुवा लगाउनु पर्ने व्यवस्था मिलाईने छ । घर सम्पन्न प्रमाण पत्र दिंदा घरको चारै दिशाको फोटो अनिवार्य गरिनेछ । सो को स्पष्टता अनुगमनबाट गरिनेछ ।

१७३. नगरपालिका तथा सम्वन्धित निकायको अनुमति नलिई जग्गा प्लटिङ्ग गरीएका र निर्धारित मापदण्ड नपुगेका प्लटहरुमा भवन निमार्ण अनुमति दिईने छैन ।

१७४. अव्यवस्थित पूर्वाधार निर्माणलाई निरुत्साहित गरी एकिकृत वस्ती निर्माणको थालनी गरिनेछ । संघ तथा प्रदेश सरकारको फुसको छानो हटाउने कार्यलाई पूर्णता दिइनेछ ।

१७५. नगरपालिकाको प्रशासनिक भवन निर्माण कार्यलाई पूर्णता दिनेछ । निर्माणाधिन वडा कार्यालयहरुको कार्यलाई पूरा गरिनेछ । नगर क्षेत्रमा निर्माण हुने जुनसुकै प्रकारका सार्वजनिक एवं निजी संरचना भुकम्प प्रतिरोधी हुने गरी मात्र बनाइने/बनाउन अनुमति दिइनेछ ।

१७६. नगरपालिका क्षेत्रभित्र रहेको धार्मिक, साँस्कृतिक, पर्यटन एवम् पूर्वाधार क्षेत्र तर्फको आवश्यक योजना पहिचान गरी DPR समेत तयार गरी नगरस्तरीय योजनामा समावेश गरिनेछ साथै ठूला बजेटका योजनाहरु संघ तथा प्रदेश सँग माग गर्न विशेष पहल गरिनेछ ।

१७७. सुकुम्बासीहरुको पहिचान अभिलेखीकरण गरी आवसिय कार्यक्रम सञ्चालन गरिनेछ ।

१७८. नगरपालिका क्षेत्रमा संचालन हुने ३ लाख देखि माथिका आयोजना र सो आयोजना संचालन गर्ने उपभोक्ता समिति/टोल विकास संस्था/निर्माण व्यवसायीको सम्पूर्ण विवरण खुल्ने गरी आयोजना स्थलमै होर्डिङ्ग बोर्ड राख्ने नीतिलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न निरन्तरता दिइनेछ ।

१७९. नगरपालिका क्षेत्रको व्यवस्थित, दीर्घकालिन एबं वातावरणमैत्री दीगो विकासका लागि भू-उपयोग गुरु योजना निर्माण गर्न जोड दिइनेछ, सो अनुसार आवास क्षेत्र, सार्वजनिक क्षेत्र, खुला एवम हरियाली क्षेत्र, सार्वजनिक पार्क, वन, कृषि एवम सुरक्षित क्षेत्रको पहिचान गरी एकीकृत नगर विकास योजनाले निर्दिष्ट गरे बमोजिमका वस्ती विकास एवं व्यवस्थित नगर निर्माण गरिनेछ । वैज्ञानिक भूमि व्यवस्थापन र भू— उपयोगको नीति क्रमशः कार्यान्वयनमा ल्याइनेछ । एकिकृत बस्तीहरुमा विकासका पूर्वाधारहरुः सडक, शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी तथा सरसफाई आदि सुबिधा बिस्तार र सामुदायिक स्थलहरु निर्माण गर्न विभिन्न सरकारी तथा गैरसरकारी निकायहरु सँग समन्वय र सहकार्य गरिनेछ ।

१८०. तल देखी माथि जाने (Bottom up Approach) नीति अनुसार वस्ति-वस्ति तहबाट टोल विकास संस्था मार्फत योजना छनौट गरिने छ । योजना छनौट तथा प्रथमिकिकरण गर्दा राष्ट्रिय बिकास नीति, गरिबी निवारण, वातावरणीय अनुकूलता तथा स्रोत साधन उपलब्धताका आधारमा नगरवासीलाई प्रत्यक्ष लाभ हुने योजनालाई प्राथमिकता दिईने छ । बढी भन्दा बढी जनसहभागिता हुने योजनालाई प्राथमिकता दिईने छ ।

१८१. विकास निर्माण लगायत पूर्वाधार निर्माणमा सार्वजनिक—निजी साझेदारी नीतिलाई अवलम्बन गरी स्थानीय नीति, योजना निर्माण गरिनेछ । स्थानीय सार्वजनिक—निजी साझेदारीका आयोजना छनौट तथा कार्यान्वयनमा प्राथमिकता दिइनेछ । स्थानीय विकासमा निजी क्षेत्रको प्रवर्द्धन गर्दै स्थानीय जनताको प्रत्यक्ष लागत सहभागितामा ७० —३० (उपभोक्ता वा स्थानीय जनता) मा आयोजना कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

**ग) उर्जा नीतिः**

१८२. “झलमल्ल शहर, पाँचखपन वासीको रहर” भन्ने मूल नारालाई स्थापित गर्न सौर्य/सडक बत्ति जडान गर्ने कार्यलाई निरन्तरता दिईनेछ सो का लागि योगदानमा आधारित जनसहभागिताको नीतिलाई प्राथमिकता दिइनेछ । नगर भित्रका सार्वजनिक स्थान र सडक एवं वजार, नगर टोलहरुमा सडक वत्ती जडान कार्यको शुरुवात गरिनेछ । विद्युतिकरण हुन बाँकी रहेका वस्तीहरुमा विद्युतिकरण गर्दै लगिनेछ । काठका पोललाई क्रमशः विस्थापित गरी फलामे पोल प्रयोग गर्ने नीति लिईनेछ । मुख्य वजार क्षेत्रमा सौर्य उर्जा (Solar Power) का सडक वत्ति राख्ने कार्यलाई जोड दिईनेछ ।

१८३. पाँचखपन नगरपालिका अन्तर्गत विद्युतिकरण नभएका क्षेत्रहरुमा वैकल्पिक उर्जाको प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।

१८४. पाँचखपन नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने विद्युतको पहुँच नपुगेका घरपरिवारमा केन्द्रिय प्रशासण लाइन जडान गरि उज्यालो नगरपालिका घोषणा गरिनेछ ।

**घ) सञ्चार तथा सूचना प्रविधि नीतिः**

१८५. “सूचना र सञ्चार, सर्वाङ्गिण विकासको आधार” नीति अनुरुप सबै वडा कार्यालयहरुमा इन्टरनेट सेवा बिस्तार गर्दै सेवा प्रवाहलाई सहज तथा सरलीकरण गरिनेछ ।

१८६. नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयबाट दैनिक रुपमा संकलन हुने राजस्व सफ्ट्वेयर मार्फत विलिङ गरि व्यवस्थित तथा पारदर्शी गर्ने कार्य सञ्चालन गरिनेछ ।

१८७. पाँचखपन नगरपालिका क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन एफ एम, टेलिभिजन, रेडियो प्रसारणको अनुमति, नवीकरण र नियमन कार्यलाई व्यवस्थित गरिनेछ । सूचना तथा सञ्चार प्रविधिमा सर्वसाधारण जनताको सहज र सरल पहुँच तथा सूचना प्रविधिको विकास र विस्तार सम्बन्धी कार्यक्रम तर्जुमा गरिनेछ ।

१८८. नगरपालिका क्षेत्र भित्र नेपाल टेलिकमको गुणस्तरीय सेवाको पहुँच सबै क्षेत्रमा पुऱ्याउन संघ तथा प्रदेश सरकारसँग समन्वय गरी आवश्यक स्थानमा टावर निर्माण गरिनेछ ।

१८९. “जनतासँग जनताको सरकार, छिटो छरितो र सर्वसुलभ सेवाप्राप्त गर्ने नागरिकको अधिकार” अवधारणा अनुरुप दैनिक प्रशासनलाई छिटो छरितो बनाउन विद्युतीय प्रणली लागू गरिनेछ । नगरपालिकाको आफ्नै वेभसाइट मार्फत नगरको सम्पूर्ण सूचना सार्वजनिक गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ । नगर प्रमुख तथा उपप्रमुखबाट स्थलगत रुपमा जानप्रतिनिधि—नगरबासी भेटघाट कार्यक्रम गरी गुनासो सुन्ने कार्यको थालनी गरिनेछ ।

**अन्तमा,**

नगरको समग्र विकास र समृद्धिका लागि प्रस्तुत नीति तथा कार्यक्रमले अंगिकार गरेका विषयहरुको कार्यान्वयन महत्वपूर्ण हुनेछ । नेपालको संविधानले आत्मसात गरेको मूल्य, मान्यता र परिकल्पना, चालु आवधिक योजना, दिगो विकासको लक्ष्यसँग अन्तरसम्बन्धित हुँदै यस नगरका आम जनसमुदायबाट प्रकट भएका भावना र अपेक्षालाई यस नीति तथा कार्यक्रमले समेटेको छ । यस अवसरलाई सदुपयोग गर्दै सम्पूर्ण नगरवासीहरुलाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिवद्ध नेतृत्व प्रदान गरिनेछ । आगामी बजेटबाट नीति तथा कार्यक्रममा व्यक्त प्रतिवद्धताहरुलाई सम्बोधन हुने विश्वास लिएको छु । यो नीति तथा कार्यक्रम स्वच्छ, सुखी, समुन्नत र समृद्ध नगरको खाका सहित कार्यान्वयन योग्य दस्तावेजको रुपमा रहेको छ । पाँचखपन नगरपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्यिवनमा सबै क्षेत्र, तह र निकायबाट सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु

साथै नीति तथा कार्यक्रमका लागि सुझाव दिनु हुने र तर्जुमाको कार्यमा संलग्न हुनुहुने सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद !**

**१० आषाढ २०७९**

**विपीन राई**
**नगर प्रमुख**